## सम्बत् २०७७ साल भदौ १ गते सोमबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.स. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | | १. जिल्ला कोभिड-१९ संकट व्यवस्थापन समिति (DCCMC) बाट कोभिड-१९ को संक्रमण जोखिमको विश्लेषण गरी संक्रमण जोखिमको अवस्थाका आधारमा संक्रामक रोग ऐन, २०२० को दफा २ को उपदफा (२) बमोजिम कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि सम्बन्धित जिल्लाभरि वा जिल्लाको कुनै भागमा मात्र लागू हुने गरी आवश्यक व्यवस्था मिलाउन र सोको निमित्त आवश्यकतानुसार स्थानीय प्रशासन ऐन, २०२८ बमोजिमको अधिकार समेत प्रयोग गर्न सबै प्रमुख जिल्ला अधिकारीलाई मुकरर गरी अधिकार सुम्पने।<br>२. स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम प्रमुख जिल्ला अधिकारीले कुनै स्थानमा निषेधाज्ञा जारी गरेको अवस्थामा त्यस्ता स्थान भित्रका सबै सरकारी तथा सार्वजनिक कार्यालयहरु न्यूनतम मात्रामा कर्मचारी उपस्थित गराई कार्यालय सञ्चालन गर्ने र सो बाहेकका अन्य कर्मचारीलाई सुरक्षित रूपमा घरबाटै सम्पादन गर्न सकिने तोकिएका कार्यहरू गर्ने (Work from Home) व्यवस्था सम्बन्धित कार्यालय प्रमुखले मिलाउने।<br>३. सार्वजनिक आवागमन; पेसा व्यवसाय सञ्चालन; अन्तर्राष्ट्रिय सीमामा आवतजावत; सबै प्रकारका बैठक, सेमिनार, गोष्ठी, तालिम, सम्मेलन; धार्मिक तथा सामाजिक क्रियाकलापलगायतका विषयमा यसपूर्वका आदेशहरूद्वारा गरिएका व्यवस्थाहरू र जनस्वास्थ्य एवं सुरक्षाका मापदण्ड, क्वारेण्टिन तथा आइसोलेसनसम्बन्धी मापदण्ड, कन्टयाक्ट ट्रेसिङसम्बन्धी मापदण्ड तथा अन्य व्यवस्थाहरू कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचारको सम्बन्धमा संक्रामक रोग ऐन, २०२० बमोजिमका आदेशको अङ्ग भएकाले त्यस्ता सबै आदेश, मापदण्ड तथा व्यवस्थाहरूको पालना गर्ने गराउने कार्य कोभिड-१९ क्राइसिस म्यानेजमेन्ट सेन्टर (CCMC) र सम्बन्धित मन्त्रालय एवं निकायहरुले प्रभावकारी रुपमा गर्ने गराउने । कोभिड-१९ क्राईसिस म्यानेजमेन्ट सेन्टर (CCMC) र सम्बन्धित मन्त्रालयले सोको प्रभावकारी अनुगमन गर्ने। सो व्यवस्थाको प्रतिकूल काम कारबाही भएमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीले कानूनबमोजिम तत्काल कारबाही गर्ने। |
| २. | | १. हालै आएको अविरल वर्षाका कारण सिन्धुपाल्चोक र कालिकोट जिल्लालगायत देशका विभिन्न स्थानमा बाढी पहिरो आई ठूलो जनधनको क्षति भएको छ। उक्त दुःखद् घटनामा परी ज्यान गुमाउने मृतकहरूप्रति श्रद्धासुमन अर्पण गर्दै शोक प्रकट गर्ने, प्रभावित शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्ने तथा घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्ने।<br>२. बाढी पहिरोमा परी घाइते हुनेहरूको उपचारको सम्पूर्ण व्यवस्था सरकारले मिलाउने। घाइतेहरूको उपचारमा कुनै कमी कमजोरी हुन नदिने।<br>३. विपद् पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड, २०६४ (संशोधनसमेत) मा भएको व्यवस्थाबमोजिम देहायको राहत, सहायता र सहयोग यथाशीघ्र उपलब्ध गराउने-<br>(क) <u>राहत रकम</u>:- विपद्को घटनामा परी कुनै परिवारमा एक जनाको मृत्यु भएमा रु. २ लाख, सोही परिवारमा अन्य व्यक्तिको समेत मृत्यु भएमा प्रतिव्यक्ति थप रु. १ लाखका दरले;<br>(ख) <u>नगद सहायता</u>:- विपद्बाट घर, बहाल, आवास नष्ट भएका वा खाद्यान्न बाली तथा जग्गा जमिन वा पसल व्यवसायसमेत नोक्सानी भई तत्काल गुजाराको लागि खाद्यान्नसमेत नभएमा वा दुबै |

| | | |
|---|---|---|
| | अवस्थाका पीडित परिवारलाई यथाशीघ्र प्रति परिवार ५ जनासम्म सदस्य भएको परिवार भए रु. १५ हजार र ५ जनाभन्दा बढी सदस्य भएको परिवार भए रु. २० हजारका दरले;<br>(ग) <u>आर्थिक सहयोग</u>:- विपद्का घटनामा परी खाद्यान्न तथा हाल बसोवास गरिरहेको घर पूर्ण रूपमा नष्ट भएमा वा पूर्ण नष्ट नभए तापनि सम्भावित खतराबाट जोगिन सुरक्षित स्थानमा नयाँ घर निर्माण गर्नुपर्ने भएमा त्यस्तो परिवारलाई प्रति परिवार रु. १ लाखसम्म;<br>(घ) <u>उपचार र यातायात खर्च</u>:- घाइते हुनेहरूलाई सरकारी अस्पतालमा उपचार गराउँदा लागेको खर्च, अस्पतालबाट घर जान प्रतिव्यक्ति रु. १ हजार र यातायात खर्च;<br>(ङ) <u>सहुलियत दरमा काठ</u>:- क्षति भएको घर पुनर्निर्माणका लागि प्रचलित कानूनबमोजिम जिल्लास्थित वन कार्यालयमार्फत सहुलियत दरमा काठ उपलब्ध गराउने।<br>४. असुरक्षित, विकट, विकासका पूर्वाधार पुऱ्याउन कठिन, अति दुर्गम स्थानमा रहेका बस्तीहरूलाई योजनाबद्ध रूपले सुरक्षित स्थानमा विकासका पूर्वाधार एवं उपयुक्त सेवा सुविधासहितका व्यवस्थित र सुरक्षित बस्ती विकास गर्ने सरकारको नीति प्राथमिकताका साथ कार्यान्वयन गर्ने। यसै क्रममा देशका विभिन्न भागमा बाढी पहिरोको उच्च जोखिममा रहेका वस्तीहरूलाई यथाशीघ्र सुरक्षित स्थानमा स्थानान्तरणको कार्य सहरी विकास मन्त्रालय र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले गर्ने। सोको समन्वय गृह मन्त्रालयले गर्ने। | |
| ३. | **अर्थ मन्त्रालय** | विश्व बैंक समूहअन्तर्गत अन्तर्राष्ट्रिय वित्त निगमको शेयर खरिद गर्न स्वीकृति दिने। |
| ४. | **अर्थ मन्त्रालय** | सासेक-विद्युत प्रसारण तथा वितरण प्रणाली सुदृढीकरण आयोजनाका लागि एशियाली विकास बैंकबाट अमेरिकी डलर २०० मिलियन (करिब रु.२३ अर्ब ८८ करोड) बराबरको सहुलियतपूर्ण ऋण र नर्वे सरकारको तर्फबाट प्राप्त हुने अमेरिकी डलर ३५ मिलियन (करिब रु. ४ अर्ब १८ करोड) बराबरको अनुदान सहायता स्वीकार गर्ने। |
| ५. | **कृषि तथा पशुपन्छी विकास मन्त्रालय** | अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ स्वीकृत गर्ने। |
| ६. | **परराष्ट्र मन्त्रालय** | नेपाल परराष्ट्र सेवाका देहायका सहसचिवहरूलाई राजदूत पदमा नियुक्तिका लागि सिफारिस गर्ने-<br>१. गेहेन्द्र राजभण्डारी - बेल्जियम र युरोपियन युनियन<br>२. तापस अधिकारी - पाकिस्तान<br>३. रामकाजी खड्का - जर्मनी, |
| ७. | **भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय** | पूर्वाञ्चल विश्वविद्यालय (स्कूल अफ इन्जिनियरिङ्ग एण्ड टेक्नोलोजी) विराटनगरलाई बि.ई. इलेक्ट्रिकलमा विद्यार्थी संख्या-४८ जना सहितको नयाँ थप कार्यक्रम र मदन भण्डारी स्मृति प्रतिष्ठान नेपाल, उर्लाबारी, मोरङ्गलाई ब्याचलर अफ आर्किटेक्चरमा विद्यार्थी संख्या-४८ जना सहितको नयाँ थप कार्यक्रम अध्ययन अध्यापन गराउन अस्थायी स्वीकृति प्रदान गर्ने। |
| ८. | **महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्राल** | समाज कल्याण परिषद्मा रिक्त कोषाध्यक्ष पदमा फाकफोक-७ इलाम निवासी श्री लोकनाथ सुवेदीलाई मनोनयन गर्ने। |
| ९. | **युवा तथा खेलकुद मन्त्रालय** | युवा तथा खेलकुद मन्त्रालयअन्तर्गत राष्ट्रिय युवा परिषदमा आ.व. ०७७/७८ का लागि १५ वटा अस्थायी दरबन्दी स्वीकृत गर्ने। |

| | | |
|---|---|---|
| १०. | **युवा तथा खेलकुद मन्त्रालय** | युवा तथा साना व्यवसायी स्वरोजगार कोषको उपाध्यक्षमा डा. देवराज रोका, खोटाङ डाँडागाउँ-८ लाई नियुक्त गर्ने। |
| ११. | **वन तथा वातावरण मन्त्रालय** | नेपालले Global Green Growth Institute (GGGI) को सदस्यता प्राप्त गर्न नेपाल सन्धि ऐन, २०४७ बमोजिम संघीय संसदमा पेश गर्न स्विकृति दिने। |
| १२. | **सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय** | देहायका स्थानीय तहको परियोजनाको लागि जग्गा प्राप्ति गर्न स्वीकृति दिने।<br>१. गंगादेव गाउँपालिका, रोल्पा<br>२. सुवर्ण गाउँपालिका, बारा<br>३. गजुरी गाउँपालिका, धादिंग<br>४. भानु नगरपालिका, तनहुँ<br>५. चौतारा साँगाचोकगढी नगरपालिका, सिन्धुपाल्चोक । |
| १३. | **सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय** | कर्मचारी समायोजन सम्बन्धी समस्या समाधान गर्न नीतिगत व्यवस्था गर्ने । |
| १४. | **सञ्चार तथा सूचना प्रविधि मन्त्रालय** | प्रेस काउन्सिल नेपालका सदस्य श्री दुर्गा भण्डारी (पौडेल) लाई कार्यबाहक अध्यक्ष तोक्ने । |
| १५. | **स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय** | लोक सेवा आयोगबाट सिफारिस भएका तपसिलमा उल्लेखित उम्मेदवारहरुलाई नेपाल स्वास्थ्य सेवाको एघारौं तहको पदमा बढुवा नियुक्ति गर्ने।<br>१. डा.अजित खनाल - ग्याष्ट्रो इन्टेरोलोजी<br>२. डा.मुकेश शर्मा पौडेल - ग्याष्ट्रो इन्टेरोलोजी<br>३. डा.विकास नेपाल - जनरल सर्जरी<br>४. डा.रविन बहादुर बस्नेत - युरो सर्जरी<br>५. डा.शिलु श्रेष्ठ - अर्थोपेडिक सर्जरी |